स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी जेठ महिनाबाट छायाँनमा जाने तयारीमा रहेको फिल्म 'एक्का तीन' अभिनेत्री पूजा शर्माको जोडीको रूपमा अभिनेता पुष्प खड्का छानिएका छन्। निर्माण युनिटले बुधबार फिल्ममा पुष्प छानिएको जानकारी दिएको हो। फिल्म पूजा र पुष्प प्रेमीप्रेमीकाको रूपमा देखिनेछन्। फिल्म रुपेश तामाङ्ले निर्देशन गर्न लागेका हुन्। फिल्मका लागि यसअघि पूजा फाइनल भएकी थिइन्।

**आजको विचार...**



नयाँ... (दुई पेजमा)

पदम न्यौपाने



चर्चित डान्सर आश्मा विश्वकर्माले अनलाइनखबरको '५० प्रभावशाली महिला २०८२' को सूचीमा सामेल भएपछि उत्साहपूर्ण प्रतिक्रिया दिएकी छन्। यो सम्मान ग्रहण गर्न पाउँदा आफूलाई सपनाजस्तै लागेको र आफूले सपना बाँचेको उनले बताएकी छन्। यो अवार्डपछि आफ्नो मिहेनतमा अझै केन्द्रित हुन मन लागेको बताउँदै आश्माले आफ्नो देशको नाम अझै उच्च भएको हेर्न चाहेको बताएकी छन् । भन्छिन्, धन्यवाद।

❐ वर्ष ३१ ❐ अंक २५१ ❐ २०८२ चैत २६ गते बिहीबार 9 April 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### मध्यपूर्वमा युद्धविराम

**(रासस/एएफपी)**

**पेरिस,** चैत २५/संयुक्त राज्य अमेरिका र इरानले दुई हप्ताका लागि युद्धविराममा सहमति जनाएपछि दुवै पक्षले आफूलाई विजयकर्ता घोषणा गरेका छन् । यस घटनापछि विश्वभरबाट आएका प्रतिक्रियाहरूले मध्यपूर्वमा शान्ति र स्थिरता कायम राख्ने चुनौतीको गम्भीरतालाई उजागर गरेका छन् । दक्षिण कोरियाले युद्धविरामको स्वागत गर्दै यसले होर्मुज जलडमरूमध्य हुँदै आफ्ना सबै जहाजहरू सुरक्षित मार्गमा ल्याउने विश्वास व्यक्त गरेको छ । दक्षिण कोरियाको विदेश मन्त्रालयका अनुसार, सरकारले दुई पक्षबीचको वार्ता सफलतापूर्वक सम्पन्न हुने आशा गरेको छ र सम्बन्धित देशहरूसँग सञ्चार तथा परामर्शमार्फत जलडमरूमध्यको सुरक्षित नेभिगेसन सुनिश्चित गर्ने योजना बनाएको छ । संयुक्त राष्ट्रसैका महासचिव एन्टोनियो गुटेरेसले युद्धविरामको स्वागत गरेका छन् र सबै पक्षलाई दीर्घकालीन शान्तिका लागि काम गर्न आह्वान गरेका छन् । महासचिवका प्रवक्ताका अनुसार महासचिवले अमेरिका र इरानको घोषणालाई स्वागत गरे पनि युद्धविरामका सर्तहरूको पालना गर्न र अन्तर्राष्ट्रिय कानूनअनुसार दायित्व पूरा गर्न सबै पक्षलाई आग्रह गरे । प्रधानमन्त्री एन्थोनी अल्बानिजका अनुसार, युद्धले विश्वव्यापी अर्थतन्त्रमा ठूलो प्रभाव पार्नेछ र मानव जीवनमा उच्च लागत निम्त्याउनेछ ।

## लुम्बिनीमा मनाइयो सिँचाइ दिवस

# '३५ प्रतिशत जमिनमा बाह्रै महिना सिँचाइ सुविधा'

**हाम्रा संवाददाता**

**दाङ,** चैत २५/लुम्बिनी प्रदेशमा सिँचाइ दिवस मनाइएको छ । बुधबार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको आयोजनामा दाङ देउखुरीमा प्रभातफेरी तथा मूल समारोह आयोजना गरी दिवस मनाइएको हो ।

कार्यक्रमलाई मुख्यमन्त्री चेतनारायण आचार्यले सम्बोधन गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै उनले ३५ प्रतिशत जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको बताएका छन् । उनले प्रदेश स्थापना हुँदाको अवस्थामा १२ महिना सिँचाइ सुविधा पुगेको जमिन २० प्रतिशत मात्रै रहेको स्मरण गर्दै अहिले त्यो ३५ प्रतिशत पुगेको जानकारी दिए । प्रदेशमा कृषि योग्य जमिनको ५५ दशलमलव २० प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको छ । आर्थिक वर्ष २०८१/०८२ को अन्त्यसम्म प्रदेशमा रहेको छ लाख ७९ हजार ८२ हेक्टर खेतीयोग्य जमिनमध्ये ५५ दशमलव २० प्रतिशत अर्थात् तीन लाख ६१ हजार पाँच सय ८१ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको हो । आर्थिक वर्ष ०७५-०७६ मा प्रदेशमा तीन लाख ४० हजार ७१ हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा पुगेकोमा प्रदेश सरकार स्थापना भएपछि अहिले



बढेर तीन लाख ६१ हजार पाँच सय ८१ हेक्टरमा जमिनमा सिँचाई सुविधा विस्तार भएको हो । सिँचाइ पुगेको जमिनमध्ये ३५ प्रतिशत जमिनमा बाह्रै महिना सिँचाइ सुविधा रहेको मुख्यमन्त्री आचार्यको भनाई छ । सिँचाइ व्यवस्थापन र कृषि उत्पादनबीचको सम्बन्धलाई अझ प्रभावकारी बनाउन प्रदेश सरकारले ध्यान दिने उनले बताए । मुख्यमन्त्री आचार्यले जलवायु परिवर्तनका कारण नदी तथा खोलाहरू सुक्दै जानु र जमिन सुख्खा बन्दै जानु गम्भीर चुनौतीका रूपमा देखिएको बताए । उत्पादनशील जमिन खण्डहर बन्न नदिन समयमै बहस, छलफल र ठोस योजना आवश्यक रहेको उनले बताए । उनले सिँचाइ सुविधा पुगेका क्षेत्रमै पनि जमिन बाँझो रहने अवस्था अन्त्य गर्नुपर्ने उल्लेख गर्दै प्रदेश सरकार किसानलाई उत्पादनमा जोड्न प्रतिबद्ध रहेको बताए । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री सीता शर्मा चौधरीले प्रदेश सरकारले बाह्रै महिना सिंचित हुने क्षेत्रको विस्तारलाई बढाइरहेको बताइन् ।पूर्वमुख्यमन्त्री जोखबहादुर महराले सिँचाइ क्षेत्रलाई कृषि विकासको आधारका रूपमा प्राथमिकतामा राख्नुपर्ने बताए । पूर्वसिँचाइमन्त्री वीरबहादुर रानाले उत्पादनमा आत्मनिर्भर बन्ने आधार तयार भइसकेको उल्लेख गर्दै किसानको मन जित्ने गरी काम गर्नुपर्ने धारणा राखे । प्रदेश योजना आयोगका सदस्य शान्तादेवी ढकालले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाइ पूर्वाधारको सुदृढीकरणमा जोड दिए । प्रगन्ना कुलो सिँचाइ प्रणाली जल उपभोक्ता संस्था मूल समन्वय समितिका सचिव भीमलाल चौधरीले कृषि क्षेत्रको विकासका लागि सरकारले सिंचाइ क्षेत्र विस्तारका लागि ध्यान दिनुपर्ने बताए । मन्त्रालयका सचिव चूर्णबहादुर ओलीले हालसम्म भएका प्रगतिको विवरण प्रस्तुत गरे ।सिँचाइ दिवस लुम्बिनीसहित अन्य प्रदेशमा पनि मनाइएको छ । 'जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरी मनाईएको हो ।तत्कालीन सरकारले २००९ सालमा नहर विभागको स्थापना गरेर कृषि जमिनमा सिँचाइको थालनी गरेको थियो । सोही अवसरको सन्दर्भलाई लिएर सरकारले सिँचाइ दिवस मनाउँदै आएको छ । सिँचाइको संस्थागत विकासका क्रममा नहर विभाग, सिँचाइ तथा खानेपानी विभाग, सिँचाइ तथा जलवायु विज्ञान विभाग हुँदै २०४४ सालमा सिँचाइ विभागमा रुपान्तरण भएको थियो । विसं २०७२ मा नेपालको संविधान जारी भएपश्चात् सिँचाइ विभाग र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग खारेज गरेर २०७५ सालमा जलस्रोत तथा सिँचाइ विभागको स्थापना भएको थियो । नेपालको इतिहासमा पहिलोपटक सरकारीस्तरबाट १९७९ सालमा 'चन्द्र नहर'को निर्माण सुरुआत भएर १९८५ सालमा सम्पन्न भएको थियो । यसलाई नै पहिलो आधुनिक तथा सबैभन्दा पुरानो सिँचाइ प्रणाली मानिन्छ ।

## बढ्यो सवारी साधानको भाडादर



**पाल्पा,** चैत २५/सरकारले यात्रु तथा मालवाहक सवारी साधनको भाडा दर वृद्धि गरेको छ । सरकारले संघीय सडक (लामो दूरी) मा चल्ने यात्रु र मालवाहक सवारी साधनको भाडादर बढाएको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सार्वजनिक सवारी साधनको भाडा समायोजन गर्न यातायात व्यवस्था विभागलाई सैद्धान्तिक सहमति दिएसँगै भाडा समायोजन गर्ने निर्णय भएको विभागले जनाएको छ । सार्वजनिक यात्रुवाहक सवारी साधनमा १६ दशमलव ७१ प्रतिशत, मालवाहक सवारी साधन (पहाड) का लागि २१ दशमलव ६८ प्रतिशत, मालवाहक सवारी साधन तराईका लागि १५ दशमलव ७५ प्रतिशत भाडावृद्धि भएको हो । त्यहीअनुसार अन्तर प्रदेश भाडा समायोजनको सूचनासहितको सूची सार्वजनिक गर्ने तयारीमा रहेको विभागले जनाएको छ । इन्धनको मूल्यमा हुने घटबढअनुसार सार्वजनिक सवारीसाधनको भाडा स्वतः घटबढ हुने गरी स्वचालित भाडा प्रणाली ३१ चैत ०७८ को मन्त्रीस्तरीय निर्णयबाट लागू भएको थियो । त्यहीअनुसार यातायात व्यवस्था विभागले पेट्रोलियम पदार्थको मूल्य ५ प्रतिशत वा सोभन्दा बढीले घटेमा वा बढेमा सोही अनुपातमा अन्तरप्रदेशीय यातायातको भाडा समायोजन गर्ने अधिकार पाएको छ । त्यहीअनुसार सूचकहरूको विश्लेषण तथा इन्धनको मूल्यमा आएको परिवर्तनले गर्दा भाडा समायोजन गरिएको यातायात व्यवस्था विभागले जनाएको छ ।

## होटल पौवाले 'स्वाद उत्सव' सञ्चालन गर्दै

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत २५/होटल पौवाले आफ्नो वार्षिकोत्सवका अवसरमा सबै शाखाहरूमा निःशुल्क स्वाद उत्सव गर्दै छ । नेपाली स्वाद, नेपाल आतिथ्य र नेपाली परिकारलाई देश विदेशमा ब्राण्डिङ गर्ने लक्ष्य लिएर सेवा दिँदै आएको होटल पौवाले आफ्नो १० औं वार्षिकोत्सवको अवसरमा देशभर रहेका सम्पूर्ण शाखाहरूमा स्वाद उत्सव कार्यक्रम गर्न लागेको हो ।

चैत्र २६, २७ र २८ गते तीन दिनसम्म सञ्चालन हुने उक्त उत्सवमा होटल पौवाका सबै शाखाहरूमा विशेष अतिथि सत्कार सहित नेपाली रैथाने स्वाद लिएर ग्राहकहरूलाई छुट्टै अनुभव र आनन्द प्रदान गर्ने कार्यक्रम राखिएको छ ।




'जहाँबाट नेपाली आतिथ्यको सुरुवात हुन्छ' भन्ने मूल नाराका साथ अघि बढिरहेको पौवाले नेपाली भाषा, संस्कृति तथा रैथाने खानाको संरक्षण र प्रवर्द्धनमा विशेष जोड दिएको छ । तीन दिनसम्म सञ्चालन हुने उक्त उत्सवमा होटल पौवाका सबै शाखाहरूमा विशेष अतिथि सत्कार सहित नेपाली रैथाने स्वाद लिएर ग्राहकहरूलाई छुट्टै अनुभव र आनन्द प्रदान गर्ने कार्यक्रम छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## प्राकृतिक सम्पदा संरक्षण गरौं

हिमाल, नदी, ताल, झरना, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, खोला तथा वनजङ्गल नै नेपालका प्राकृतिक सम्पदाहरू हुन् । ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाले नेपाल विश्वमा छुट्टै पहिचान बनाउन सफल भएको छ । नेपालमा थुप्रै ऐतिहासिक सम्पदाहरु रहेका छन् । ति मध्ये पाल्पाको रानीमहल, गोरखाको दरबार, वसन्तपुर, पाटन, भक्तपुरका मल्लदेखि शाह समयका दरबार, राणाकालमा बनेका युरोपेली शैलीका दरबारहरू सिंहदरबार, शीतल निवास, सेतोदरबार, लालदरबार जस्ता इतिहास बोकेका प्रशस्तै दरबार नेपालमा छन् ।

उपत्यकाबाहिरका बाइसे चौबिसे राज्य समयका दरबार वा काठमाडौँकै लिच्छविकालका बेलाका दरबार पनि छन् । त्यस्तै नेपालमा विभिन्न धार्मिक स्थलका सम्पदा पनि धेरै छन् । मुख्यतया हिन्दु र बुद्ध धर्मसँग सम्बन्धित सम्पदा धेरै भए पनि किराँत, प्रकृति, बोन जस्ता सनातनदेखिका धार्मिक सम्पदाहरू देशभरि छरिएको छ । संसारका सबै हिन्दुको पवित्र धाम पशुपतिदेखि बुद्धको जन्मथलो लुम्बिनीले हजारौँ पर्यटकलाई नेपाल भित्र्याएको छ । स्वयम्भू, बौद्धनाथदेखि हनुमानढोकासम्म, बुढानीलकण्ठदेखि चार नारायणसम्म अनि मुक्तिनाथदेखि स्वर्गद्वारीसम्म जताततै विश्वविख्यात धार्मिक सम्पदाहरू छन् । नेपालका हिमाल, नदी, ठूलठूला पाटन, ताल, चराचुरुङ्गी र विविध रुख बिरूवा भएका देशभरि फैलिएका वनजङ्गल पनि आकर्षक प्राकृतिक सम्पदा नै हुन् । तर राज्यको संवेदनहीनता, सरोकारवालाको उदासीनता र मानवीय गैरजिम्मेवारपूर्ण रबैयाका कारण नेपालामा रहेका अनेक बहुमूल्य प्राकृतिक सम्पदाहरू नष्ट भइरहेका छन् भने अन्य त्यस्तै सम्पदाहरू अति जोखिममा परेका छन् । अन्य सम्पदाहरूको तुलनामा यहाँका भौगर्भिक सम्पदाहरू अझै बढी जोखिममा परेको पाइएको छ ।

सडक विस्तार तथा खोलामा भइरहेको मानवजन्य अव्यवस्थित क्रियाकलापले नेपालमा भौगर्भिक संरचना र सम्पदा लोप हुँदै गएका छन् । सडक विस्तारका क्रममा चोइट्याइएका मन्दिर र सत्तलका अवशेषहरुले सम्पदाप्रतिको हाम्रो उदासिनता जागृत गर्दछ । हामी को हौं र कहाँ कसरी आयौं लगायतका मुख्य विवरण अनि इतिहासहरु जोगाउनको लागि पनि सम्पदाहरुको सरक्षण गर्न जरुरी छ ।

### Opinion @ Social Network

अरूले साथ दिन्छ भनेर आश गर्नु मनको भ्रम मात्र हो
आफूलाई आफूले भन्दा राम्रो साथ कसैले दिन सक्दैन् ।
*(अरुन शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Arun.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ सरकार र तानसेनको अपेक्षा




ऐतिहासिक, पौराणिक तथा पुरातात्विक महत्वका अनेकौं सम्पदाहरूले भरिएको तानसेन नगर पाल्पाको सदरमुकामको रूपमा समेत रहेको नेपालकै पुराना मध्येको एक नगरपालिका हो । यहाँका अनेकौं मठ मन्दिर, ऐतिहासिक दरबार, बजारको संरचना र विविध सांस्कृतिक तथा धार्मिकस्थलहरूको प्राचुर्य एवं विशिष्ट प्राकृतिक सुन्दरताले गर्दा पर्यटन क्षेत्रका अनन्त सम्भावनाहरूको संगमस्थलको रूपमा पनि यो क्षेत्र रहेको छ । समग्र पाल्पा अझ विशेष गरी तानसेन नगरक्षेत्रमा पर्यटन विकासका लागि प्रशस्त सम्भावना भए पनि हालसम्म यसका लागि आवश्यक पर्ने उपयुक्त नीति र कार्यक्रमको अभाव रहेका कारणले यहाँको पर्यटन क्षेत्रको समष्टिगत परिणाम र प्रभावलाई मापन गरी यसलाई दिगो पर्यटन विकासको सहज प्रक्रियासँग जोड्न सकिएको छैन ।

पर्यटन क्षेत्रको व्यवस्थित विकासका लागि पहिलो पूर्वाधारकै रूपमा आवश्यक पर्ने आधारभूत नीति, रणनीति र संरचनाको अभावका कारणले यहाँको पर्यटनको अवस्था कमजोर रहेको मात्र होइनह अनगिन्ती सम्भावनाको महशुस सबैले गरेपनि प्राथमिकतामा राखेर विशेष सम्वोधन गर्ने प्रयत्न अहिलेसम्म हुन सकेको छैन । परापूर्वकाल देखी छिमेकी भारत र चिनको तिव्वतबिचको व्यापारिक मार्ग र पर्यटकले प्रयोग गर्ने मार्ग भएपनि यसको व्यवस्थित इतिहास समेत नपाइएको अवस्था छ । समय समयमा यो क्षेत्रको भ्रमण गर्न आएका स्वदेशी/विदेशी पर्यटकहरूको अनुभव र तिनीहरूद्वारा लिखित यात्रावृत्तान्तहरूमा उल्लेख गरिएका कुराहरूले हाम्रो ध्यानाकर्षण गराइरहेको तथ्य हुँदा हुँदै पनि यसको गाम्भिर्यता प्रति उदाशिन बनेको देखिन्छ । पर्यटनको बुझाइ र पहिचानमा निजि क्षेत्रको अहंम भूमिका हुन्छ । यस क्षेत्रले पहिचान गरेका सम्भावनामा सरकारी संयन्त्रहरुको सकारात्मक सहयोग, सहकार्य र प्रवर्द्धनात्मक पहल जरुरी हुन्छ । तर पाल्पामा निजी स्तरबाट गरिएका पहलहरूको पनि व्यवस्थित र आधिकारिक दस्तावेजीकरण हुन नसकेको देखिन्छ । पाल्पाको पर्यटन विकासमा नेपालमा बहुदलीय व्यवस्थाको प्रारम्भ भएपश्चात तत्कालीन जिविसले आयोजना गरेको जिल्ला विकास गोष्ठी, विभिन्न सामाजिक संघ/संस्थाद्वारा आयोजना गरिएका गोष्ठी तथा अन्तर्क्रिया, समय समयमा विदेशी परामर्शदाताहरूले गरेका अध्ययन प्रतिवेदनहरू समेत व्यवस्थित रूपमा अभिलिखित हुन नसकेको यथार्थता रहेको देखिन्छ । पाल्पाको पर्यटन विकासको व्यवस्थित प्रारम्भ र पहलमा निजी क्षेत्रको लगानीमा खोलिएका होटल एवं सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूले पनि तानसेनमा आउने पर्यटकहरूको सुझावलाई अध्ययन गर्ने र परिमार्जनका लागि आवश्यक कदम चालेको स्थिति पनि खासै उत्साहवर्द्धक देखिएको छैन । यति हुँदाहुँदै पनि यस क्षेत्रको भौगोलिक अवस्था, प्रकृति, उपलब्ध संस्कृति, सम्पदा र इतिहासका कारण तथा तानसेन नगरपालिका एवं सीमित रूपमै भए पनि अन्य सरकारी निकाय वा संघ/संस्थाहरूद्वारा सञ्चालन गरिएका औपचारिक वा अनौपचारिक, प्रवर्द्धनात्मक वा विभिन्न परिचयात्मक गतिविधि र निजी क्षेत्रले आफ्नो व्यावसायिक हैसियतमा गरेका सारा प्रयत्नहरूलाई अब योजनाबद्ध, व्यवस्थित र दिगो पर्यटन विकास लक्ष्यसहितको नीतिद्वारा कार्यक्रमिक रूपमै सम्बोधन गर्न आवश्यक देखिएको छ । पाल्पा नेपालको इतिहासको कुनै कालखण्डमा पनि अपरिचयको स्थितिमा नरहेको एक विशेष ठाउँ हो । पौराणिककालको सिद्धभूमि, ज्ञानभूमि, तपोभूमि र देवभूमि त थियो नैह ऐतिहासिककालका राज्य, गढी, गौँडा, गोश्वारा, थुम र जिल्लाको विभाजन हुँदा पनि कहिल्यै नछुटेको ठाउँ हो यो । पाल्पाको यही गौरवशाली विगत र अनन्त सम्भावनायुक्त आगतको सुन्दर समायोजन गरी पर्यटन विकासको माध्यमद्वारा "हाम्रो पाल्पा : समृद्ध पाल्पा" बनाउने कर्मको नेतृत्व गर्दै यसलाई पर्यटन क्षेत्रको 'आनन्दभूमि' बनाउने कर्मको नेतृत्व गर्नु जिल्लाको सदरमुकाम हुनुका नाताले अब तानसेन नगरपालिकाको कर्तव्य हुन आएको छ । विगतका संघीय र प्रदेश सरकारद्धारा पाल्पा र विशेषगरी तानसेनलाई पर्यटकको गतिलो गन्तव्य बनाउने भन्दै वार्षिक नीति तथा कार्यक्रममा बोल्ने तर यथार्थमा केही व्यवस्थित र दीगो कार्यक्रम दिन नसक्ने पिडा व्यहोरी रहेको सन्दर्भमा यस नयाँ सरकारले तानसेनलाई विशेष पर्यटन क्षेत्र घोषणागरी सोही अनुरुपको नीति र कार्यक्रमले सम्वोधन गरेको सुन्न र देख्न पाल्पाली नागरिक लालाहित रहेका छन् । यसै सन्दर्भमा नेपाल सरकार र प्रदेश सरकार समेतको ध्यानाकर्षणका लागि निम्न आग्रह अपरिहार्य देखिएकोछ ।

**विशेष पर्यटन क्षेत्रको घोषणा :** तानसेनलाई जीवन्त संग्रहालयको रुपमा रहेको सांस्कृतिक शहर (विशेष पर्यटन क्षेत्र) घोषणा गर्ने र यसकालागि क्रियाशिल तानपाको आफ्नै अंग तानसेन पर्यटन वोर्डलाइ सक्षम बनाउन(पर्यटक सूचना केन्द्र सहित) सम्पदायुक्त घर भाडामा लिन व्यवस्थित कार्यालय सञ्चालनमा नगद अनुदानद्धारा मद्दत गर्न आवश्यक छ । नगरपालिकाको आफ्नै आम्दानी अत्यन्त कम रहेको सन्दर्भमा यो सम्वोधनले पाल्पाको व्यवस्थित पर्यटन विकासमा निकै महत्व र योगदान गर्ने छ ।

**भगवती मन्दिर पूननिर्माण :** नेपालकै प्रसिद्ध र शक्तिशाली मन्दिर श्री ७ रणउजीरेश्वरी भगवती मन्दिरका लागि तत्कालिन कर्णे उजीरशिंहद्धारा निर्माण गरिएको पुरानै शैलीको तीन तले मन्दिर निर्माणका लागि चालु आवमा बजेट विनियोजन गरिएको तर हाल रोक्का रहेको बजेट, मन्दिर पुननिर्माणका लागि रु ३ करोड र परिसर निर्माणका लागि रु ३ करोड रुपैयाँ चालु आव देखी नै कार्य प्रारम्भ हुने गरी बहुवर्षिय योजना अनुरुप प्रारम्भ गर्ने व्यवस्था मिलाउन पहल हुन आवश्यक छ । वर्षौ देखी मन्दिरको छाना चुहिएर प्लाष्टिक ओडाएर राख्नु परिरहेको अवस्थालाई तत्काल सम्वोधन गरिएको समाचार सुन्न समस्त पाल्पाली पर्खिरहेका छन् ।

**रानीघाट दरवार संरक्षण र व्यवस्थित उपयोग नीति :** रानीघाटमा रहेको रानीमहल आन्तरिक तथा बाह्य पर्यटकका लागि निकै आकर्षक रहेको क्षेत्र भएकोले यसको संरक्षण (कालि गण्डकी नदी किनारमा तटवन्ध) र यसको व्यवस्थित प्रयोग जरुरी रहेकोले यसकालागि आवश्यक नीतिगत कदम चाल्न जरुरी छ । साथै दरवार अगाडि बिच भलिबलका लागि उपयुक्त स्थान भएको भन्ने नेपाल पर्यटन बोर्डको सन २०२२ मा प्रकाशित पुस्तकमा समेत उल्लेख भएकोले एउटा व्यवस्थित बिच भलिवल कोर्ट निर्माणका लागि पहल गर्न आवश्यक छ । रानीमहल क्षेत्रलाई विशेष क्षेत्रको रुपमा घोषणा गरी आवश्यक कदमको अपेक्षा पाल्पावासीहरुको रहेको छ ।

**दरवार परिसर खुला राख्ने र सम्पदायुक्त क्षेत्र बनाउने :** तानसेन दरवार परिसर (उपत्यका बाहिरको एक मात्र दरवार परिसर) लाई खुल्ला राख्न अनावश्यक संरचना हटाउन, बालमन्दिरलाई अन्यत्र स्थानान्तरण गर्न र अति महत्वपूर्ण सम्पदा दरवार स्क्वायर सहित तीनसांचो खाली गरी पुरानै स्वरुपमा राख्ने व्यवस्था मिलाउन आवश्यक कार्यक्रम सहितको बजेट विनियोजन गरी सम्वोधन गर्न आवश्यक देखिन्छ ।

**सम्पदायुक्त अर्गली दरवारको अधिग्रहण :** भारत र चिन बिच जोड्ने कालिगण्डकी करिडोर, जसलाई धार्मिक तथा आध्यात्मिक मार्गको रुपमा विकास गर्न सकिन्छ । नेपालका चार पवित्र धाम मध्येको एक रिडिको ऋषिकेश मन्दिरको नजिकै पर्ने यो अर्गली दरबार हाल नीजि स्वामित्वमा रहेकोले सो अधिग्रहण गरी नगरपालिकाको स्वामित्वमा ल्याई संरक्षण साथै उपयोग गर्न आवश्यक बजेटद्धारा सम्वोधन गर्न जरुरी देखिन्छ । यस दरवारले मुक्तिनाथ जाने भातीय पर्यटकका लागि आकर्षित गर्ने सम्भावना रहेको छ ।

**तानसेनको एक मात्र जैविक विविधतायुक्त सिमसार क्षेत्र घोषणा :** तानसेनको प्रभास ऐतिहासिक, सांस्कृतिक र धार्मिक क्षेत्र पनि हो । यहाँ इहिास पनि रहेकोछ, धर्म र संस्कृति पनि रहेको छ र प्रकृतिले पनि सिमसार क्षेत्र दिएको छ । यहाँ संसारबाटै लोप हुन लागेको जंगली धान र भिन्नै प्रकृतिको कमलको पुल फुल्ने कमल पोखरी पनि रहेको छ । यस क्षेत्रलाई सिमसार क्षेत्र घोषणागरी जैविकविविधताको संरक्षण र प्रवर्द्धन गर्ने, धार्मीक तथा आध्यात्मिक पर्यटककालागि आकर्षित गर्ने र प्रकृतिको अध्येताहरुका लागि अनुसन्धान क्षेत्र निर्माणका लागि बृहत गुरुयोजना निर्माण गर्ने र आवश्यक क्रियाकलाप गर्ने वातावरण बनाउन जरुरी देखिन्छ ।

**पर्यापर्यटन र श्रीनगर बनको भोगाधिकार :** तानसेनको पर्यटनमा महत्वपूर्ण योगदान गर्ने श्रीनगर बनलाई नपाको भोगाधिकारयुक्त बनाई चौडापाते जंगलको रुपमा विकास गर्न आवश्यक प्रक्रिया प्रारम्भ गर्न जरुरी देखिन्छ । यो एक ओपन फिल्म सेन्टर पनि हो । यहाँ दर्जनौ कालजयी फिल्म छायांकन भैसकेका छन् ।

**तानसेन बजार मध्यकालिन सहरी संरचनाको नमूना :** तानसेन बजार महादत्तसेनद्धारा बसाइएको शहर हो । युनेश्कोले समेत सम्पदा शहरको रुपमा रहने आधार भएको घोषणा गरेकोले सोको पुन: अध्ययन गराई ध्यचमि ज्भचष्तबनभ ऋष्तथ को रुपमा स्थापित गर्न पहल गरिनु जरुरी छ । यसका लागि सरकारको ध्यानाकर्षण हुन आवश्यक छ ।

**तानसेन ओपन खेल स्टेयिमको सम्भावना :** तानसेनको पर्यटनमा खेल पर्यटनको योगदान हुने हुनाले र यहाँको मौसमले जुनसुकै मौसममा पनि राष्ट्रिय खेल प्रतियोगिता हुन सक्ने सम्भावना बोकेको टुँडिखेल मैदानलाई ओपन स्टेडियमको रुपमा व्यवस्थापन गरी सबै मौसममा खेलका लागि उपयुक्त मैदान निर्माण गर्न प्रारम्भ गर्न आवश्यक राष्ट्रिय सम्वोधन जरुरी देखिन्छ ।

**NATHAM को शाखा सञ्चालन :** तानसेन बतासेमा रहेको त्रिभूवन कलेजको विज्ञान संकायलाइ स्थानान्तरण गरी (विद्यार्थी संख्या समेत निकै कम भएको) पर्यटन तथा होटल व्यवस्थापन (स्नातक र स्नातकोत्तर) NATHAM मोडलमा कक्षा सुरु गर्न (आवश्यकता र उच्च सम्भावना रहेको)आवश्यक पूर्वाधार व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गर्न जरुरी देखिन्छ ।

**नारायण मन्दिर परिसर विशेष धार्मिक क्षेत्र घोषणा :** तानसेनको नारायण मन्दिर परिसर एक धार्मिक केन्द्र हो । यो क्षेत्र एक विशाल पर्खालबाट घेरिएको( ग्रेटवाल अफ तानसेन भनिन्छ) भए पनि केही भागको पर्खाल भत्काई अतिक्रमण गरी निजि घरहरु बनाइएकोले सो को खोजी गर्ने र परिसरलाइ नगरको विशेष सांस्कृतिक एवं धार्मिक केन्द्रको रुपमा विकास गर्न जरुरी छ ।

**माडीफाँटमा वैज्ञानीक सिचाइ व्यवस्था :** पाल्पाको लागि खाद्य उत्पादनमा विशेष भूमिका निर्वाह गर्दै आएको माडीफाँटमा हाल मुस्किलले २ वाली धान र गहुँ उत्पादन हुने गरेकोमा आवश्यक सिचाँइ र तिनाउ नदि नियन्त्रण गर्न सके पाल्पाको आधा जनसंख्यालाई खाद्यमा आत्मनिर्भर बनाउन सक्ने भएकोले सोकालागि आवश्यक अध्ययन व्यवस्था मिलाउने कार्य अपरिहार्य देखिन्छ । यो क्षेत्र माण्डव्य ऋषिको तपोभूमि पनि रहेकोले यसको सेरोफेरोलाई आध्यामिक केन्द्र बनाउन सक्ने सम्भावना रहेको छ । बाँसटारीदेखि माडी जाने बाटोलाई माण्डब्य पथ घोषणा गर्न सरकारले पहल गर्न आवश्यक छ ।

**ग्रामीण पर्यटन र होमस्टे :** तानसेन नगर क्षेत्रमा विभिन्न संस्कार संस्कृति बोकेका समुदायहरुको बसोवास रहेको र आ-आफ्नै संस्कार र संकृति रहेकोले ग्रामीण पर्यटनको ठूलो सम्भावना रहेकोले ग्राामीण पर्यटन प्रवर्द्धनका लागि होमस्टे प्रवर्द्धन कार्यक्रमको घोषणा गर्न आवश्यक देखिन्छ । विविधतायुक्त सम्भावनाको प्रचुरता रहेको तानसेनका मागहरुलाई सरकारले सम्वोधन गरोस् र यसका लागि यस क्षेत्रबाट निर्वाचित जनप्रतिनिधिहरु(संघीय संसद र प्रदेश सभा)को विशेष पहलको अपेक्षा गरिएको छ । ***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन्।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको कार्य पुन: प्रारम्भ गर्न सकिनेछ। धर्म कर्मतर्फ मन जानेछ। | **तुला** : व्यापार व्यवसायमा रुचिको क्षेत्रमा लगानी बढाउने समय रहेको छ। |
| **वृष** : खानपानमा सजगता अपनाउनुहोस्। साहसिक कार्य गर्ने समय रहेको छ। | **वृश्चिक** : महत्वपूर्ण कार्यको थालनीमा घरपरिवारसँग सलाह लिनुहोस्। |
| **मिथुन** : साझेदारी व्यापारमा लाभ र हनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **धनु** : मान प्रतिष्ठामा वृद्धि हुनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **कर्कट** : कामको सन्दर्भमा दौडधुप गर्नुपर्ला। व्यापार विस्तारमा सहयोग हुनेछ। | **मकर** : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। आध्यात्मतिर झुकाव रहनेछ। |
| **सिंह** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। भौतिक संसाधन संग्रह गर्ने योग छ। | **कुम्भ** : नकारात्मक वातावरणको सिर्जना होला। शिक्षाको सहयोग मिल्नेछ। |
| **कन्या** : फलको प्राप्ति हुनेछ। सरकारी र प्रशासनिक क्षेत्रको काममा समय लाग्नेछ। | **मीन** : शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ। कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। |




निबन्ध ● योगेन्द्र उपाध्याय

# के म भन्दा जान्ने, सुन्ने कोहि होला त ?

> **क्वान्टम फिजिक्सले अध्ययन गर्ने धेरै विषयवस्तुहरु जस्तै क्वान्टम मेकानिक्स, स्ट्रिङ्ग थ्योरी, थ्योरी अफ रियालिटी आदिमध्ये मलाई स्ट्रिङ्ग थ्योरी र थ्योरी अफ रियालिटिको अवधारणाले निकै चकित बनाउँछ मलाई ।**

कहिलेकाँही मनमा आउने सवालहरुले मस्तिष्कलाई विचलित गराउँछन् । विचलित गराउने प्रत्येक प्रश्नहरु महत्वपूर्ण पनि हुँदैनन् तर महत्वपूर्ण नठानिएका प्रश्नहरु नै हुन् जसले विचलनको स्थितीसम्म जो कोहिलाई पनि पुर्याउने क्षमता राख्दछन् । महत्वपूर्ण ठानिएका प्रश्नहरु उत्तरसमेतका हुन्छन् । या भनौं महत्वपूर्ण रहेका विषयवस्तुहरुमाथिको गरिएका प्रश्नले नै मानिसलाई भौतिक विकास गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्यो जस्तै यो जंगलमा रहेको बिरुवा घर आफू बस्ने ओढार नजिकैको स्थानमा गएर रोप्दा के होला? भन्ने प्रश्नले कृषिक्रान्तिको सुरुवात भयो भने केट्लीको ढक्कन बाफले कसरी उचाल्न सक्यो होला? भन्ने प्रश्नले अठारौं शताब्दीमा औद्योगिक क्रान्तिको सुरुवात गर्यो । चरा कसरी उड्यो ? पानी किन पर्छ? स्याउ कसरी खस्यो ? मानिस बिरामी कसरी पर्छ? जस्ता थुप्रै महत्वपूर्ण प्रश्नहरुको योगदान हामीले कहिल्यै बिर्सन हुँदैन जसले मानवलाई भौतिकीको क्षेत्रमा नयाँ उचाई एवं जिवनमा नयाँ आयाम प्रदान गर्न आफूलाई समर्पित गर्यो । अब प्रश्नहरु शायद बाँकी नभएर होला या बाँकी रहेका प्रश्नहरु मेरो क्षमता/विद्वता/व्यवहार/ अनुभवभन्दा बाहिरको पनि भएर होला, काम लाग्ने प्रश्नहरु सकिएपश्चात् मनमा एकमात्र प्रश्न बाँकि रहँदो रहेछ के म भन्दा जान्ने, सुन्ने कोहि होला त ? रुचि धेरै भएतापनि आफू विज्ञानको विद्यार्थी परिएन, नेपाली परियो त्यो पनि एजुकेशनवाला, नेपाली एजुकेशन हुनुको पीडा मलाई मात्र थाहा छ । विदेशबाट आएपश्चात थोरै धन र ठूलो मनको साथमा जाँगर चल्यो विवाह गर्ने, बुवाको कुण्डलीको कहरबाट बचेका स्त्रीहरुमात्र मेरा लागि विवाह गर्न योग्यता प्राप्त गर्न सफल हुने हुनाले मनले खाएकाहरु पाउने आशा निकै कम थियो । कुण्डलीमा पास भएका ५-६ जनाको इन्टरभ्यू लिईयो/दिईयो तर आफू होचो, मझौनी गाउँ, बैदेशिक रोजगारबाट फर्केको बेरोजगार आदिका कारणले कुरा मिलिरहेको थिएन । इन्टरभ्यूकै क्रममा एक ठाउँमा मामाको साथमा पुगियो । उनी रहिछन् अंग्रेजी एजुकेशन, आँट र जाँगरको अभाव भयो अंग्रेजी सुन्ने बित्तिकै किनकी उनले अंग्रेजीमा इन्टरभ्यू लिन थालिन् भने संस्कृत र नेपालीका श्लोक हानेर पनि त भएन । तर स्पिकिङ्ग अंग्रेजी राम्रो थियो मेरो २ वर्ष अमेरिकन र ब्रिटिसहरुको साथमा काम गरेर आएको थिएँ, मात्र थिएन सर्टिफिकेट, उनको अंग्रेजीको प्रज्ञानतालाई मेरो हेलो, हाए, एस.एस. र बाई बाट जितिदिन्छु भन्ने लाग्यो अनि मामाले दिएको "भाञ्जा मैले मिलाउँछु" भन्ने हौसला पनि छँदै थियो साथमा । गईयो उनको घरमा मामाको यामाहा लिबेरो बाइक चढेर गर्मी नै भएपनि कोट भने छोड्नै मन लागेन भनिन्छ नि -फर्स्ट इम्प्रेशन इज द लाष्ट इम्प्रेशन । उनको घरको बराम्दामा रहेको २ थान स्टुल, १ थान बेन्ची र १ थान प्लास्टिकको कुर्सीमाथि राखिएको कुशनले मलाई मनमनै लाग्यो कुशनवाला मेरै लागि होला प्रमुख अतिथी त म नै हो नी आजको कार्यक्रमको । बसें कुशनमा कुसन पनि बिझाउन थाल्यो बसेको केही क्षणमै जब भित्रबाट आएको मधुरो आवाज मेरो कानमा पर्यो -गर्दिन म बिहे नेपाली पढेकोसँग । अरु स्थानमा झैं चियाको प्रतीक्षा थियो मलाई हेरुँ न त कस्ती रहिछन्, आशा विपरीत उनकी आमाले चिया ल्याइदिनुभयो । त्यती तीतो चिया मैले आजसम्म खाएको छैन यद्यपी त्यो चियामा चिनीको मात्रा बढी थियो । इन्टरभ्यूको लागि गरिएको तयारी पनि बेकम्मा सावित भयो । पहिलो पटक त्यही समयमा लागेको थियो म भन्दा जान्ने सुन्ने पनि कोही रहेछ यो संसारमा ! घटना माने सानै हो तर त्यस समयमा मेरो मनमा एउटा वस्तुको कमी थियो स्वीकार्यता, आज सोंच्छु उनको पनि त अधिकार हो, सम्मान गर्छु उनीप्रति, उनले बाबुआमाको अघि बली दिइनन् आफ्नो इच्छाको । भौतिक विज्ञान २ भागमा विभाजित छ, पहिलो पुरातनवादी फिजिक्स (Classical Physics) र आधुनिक विज्ञान ( Quantum Physics) । क्लासिकल फिजिक्सका प्रणेता अल्बर्ट आइन्सटाइनको थ्योरी अफ रिलेटिभिटि सबैभन्दा महत्वपूर्ण मानिन्छ यद्यपि क्लासिकल फिजिक्सको विकास एवं प्रवर्द्धनमा आइन्स्टाइन भन्दा पूर्ववर्ती भौतिक वैज्ञानिकहरुको योगदानलाई पनि कम आँक्न भने हुँदैन । भौतिक विज्ञानको क्लासिकल विज्ञानमा रिलेटिभिटि जस्तै आधुनिक विज्ञानमा क्वान्टम थ्योरी नवीनतम र महत्वपूर्ण अवधारणा हो । क्वान्टम फिजिक्सले अध्ययन गर्ने धेरै विषयवस्तुहरु जस्तै क्वान्टम मेकानिक्स, स्ट्रिङ्ग थ्योरी, थ्योरी अफ रियालिटी आदिमध्ये मलाई स्ट्रिङ्ग थ्योरी र थ्योरी अफ रियालिटिको अवधारणाले निकै चकित बनाउँछ मलाई । रियालिटिका सम्बन्धमा हाम्रा पूर्वीय दर्शनहरुमा पनि प्रसस्त शोधहरु भएका छन् तर स्रोत सामग्रीहरुको अभाव तथा पाश्चात्य विज्ञानप्रति हामीहरुको आकर्षणले तिनलाई ओझेल बनाउँदै गयो जस्तै-संसार एक माया मात्र हो । रियालिटीको कन्सेप्ट पनि त्यही नै हो । रियालिटि या भनौं सत्यता सधैं मेरो सापेक्ष हुने गर्दछ । मेरो मात्र होइन तपाईंको सत्यता तपाईंको सापेक्ष हुन्छ । हुन सक्छ म तपाईंको मस्तिष्कको मात्र उपज हुँ ।

तपाईंले देखेका/भोगेका/सोंचेका/भविष्यमा सोंच्नका लागि मस्तिष्कमा थिग्रिएका सबै वस्तुहरु तपाईंको मस्तिस्कमा मात्र छन् । तपाईंले आफ्नो सुविधाका हिसाबले मेरो रचना गर्नुभयो र तपाईंपश्चात म पनि रहँदिन । कुनै पनि स्थानमा द्रष्टा छैन भनी दृष्टिहरुपनि रहँदैनन् । म तपाईंबाट ओझेल भएँ भने वास्तवमै म छु वा छैन भन्ने विषय तपाईंले यकीनका साथ भन्न सक्नुहुन्न । यस अवधारणा अनुसार आफूले सुनेको, देखेको, भोगेको बाहेक यस संसारमा, ब्रम्हाण्डमा घट्ने र घटिरहेका सबै घटनाहरु हाम्रा लागि असत्य हुन् । असत्य भन्दा पनि अझ ती वस्तु र घटनाको अस्तित्व नै हुँदैन । जब तपाई कुनै माध्यमबाट कुनै घटना थाहा पाउनुहुन्छ बल्ल तिनीहरु सत्यतामा परिणत हुन पुग्दछन् । यस अर्थमा हामी सबैको सत्य फरक फरक हुन सक्तछ । यसै अर्थमा मेरो मस्तिष्कको उपज न हो सबथोक, के मेरो मस्तिष्कको एउटा उपज मात्र रहनुभएको तपाईं म भन्दा जान्ने सुन्ने हुनुहुन्छ होला त ? मसँग राजनारायण मा.वि. गेरमीमा अध्यापन गराउँदाका निकै मीठा अनुभवहरु छन् । त्यहाँ पढाएका विद्यार्थीहरु जस्ता मीठा व्यक्तिहरु मैले शायदै कहिल्यै भेटें र शायदै कहिल्यै भेट्नेछु । एकजना सर हुनुहुन्थ्यो जिउत दास उहाँले भनेको एउटा प्रसङ्ग मलाई हमेशा याद आउँछ अंग्रेजीमा एउटा उखान छ र यो सिद्धान्त पनि हो र गर्नुपनि पर्छ जीवनमा "हेल्प देम हु आर हेल्पलेस" तर नि योगेन्द्र सर तपाईंले सहयोग गरेको व्यक्ति यदि तपाईंभन्दा कमजोर स्थितिमा छ र कमजोर स्थितीमै रहिरह्यो भने उ तपाईंप्रति सधैं अनुग्रहित रहिरहन्छ तर त्यहि व्यक्ति जसलाई आज तपाईंले कमजोर स्थितिमा रहेको समयमा सहयोग गर्नुभयो र भोलि उ सम्पन्न भयो भने सबैभन्दा पहिला तपाईंको अगाडि नै सबैभन्दा पहिला सम्पन्नता प्रस्तुत गर्दछ जीवनलाई पल्टाएर हेर्नुस् तपाईंले पनि कुनै न कुनै समयमा आफूले सहयोग पाएकोसँग सम्पन्नता प्रस्तुत गरेको हुन सक्छ या आफूले सहयोग गरेकोबाट सम्पन्नताको बखान सुनेको हुन सक्छ । त्यो सम्पन्नताको प्रस्तुती जुनसुकै प्रकारको हुन सक्तछ जुनसुकै रुपमा हुन सक्तछ आश्था, अर्थ, मन या वचन । यो मैले पनि गरिरहेको हुन सक्तछु र तपाईंले पनि । अंग्रेजी साहित्य र संस्कारमा बटरफ्लाई इफेक्टले निकै महत्वका साथ हेरिन्छ । विश्वाश गरिन्छ कुनै एक स्थानमा उडेको पुतलीको पंखबाट चलायमान भएको हावाले एक अर्का हावाका अणुहरुसँग ठोक्किएर बनेको चेन रियाक्सनले कुनै अर्को ठाउँमा ठूलो हुरीको संयोग गराइरहेको हुन्छ । परमाणु बमको सिद्धान्त पनि यस्तै हुन्छ युरेनियमको अणुहरुको बाहिरी अर्बिटमा २ वटा इलेक्ट्रोन हुने र बाहिरी अर्बिटमा ८ वटा इलेक्ट्रोन भए मात्र युरेनियमको अणु स्थिर अवस्थामा पुग्ने हुनाले उसले वातावरणमा हुने अक्सिजन, कार्बनडाइअक्साइड लगायतका ग्याँसका बाहिरी अर्बिटबाट ६ वटा इलेक्ट्रोन लिएर आफू पूर्ण हुन चाहन्छ र यसबाट हुने चेन रियाक्सनले ठूलो विस्फोटको अवस्था सिर्जना गर्दछ । यसको मतलब वर्तमानमा घट्ने र सिर्जना हुने साना घटनाले पनि कालान्तरमा ठूला प्रभावहरु पारिरहेका हुन्छन् । आगोको एउटा सानो फिलिङ्गोले विश्वलाई जलाउने क्षमता राख्तछ । यद्यपी हुन सक्छ त्यो सानो फिलिङ्गो निकाल्न गरिएका प्रयासहरु असीमित होउन् तर विश्वले आगो देख्दछ, फिलोङ्गो होइन । यस अर्थमा विश्वले देख्ने आगो जस्तो म तपाईंको सानो फिलिङ्गोले उत्पन्न भएको होउँला त ? भ्रम होस् या यथार्थ भ्रम भए पनि आनन्ददायक यथार्थ भए पनि संतोषप्रदायक एउटै मात्र विचार "के म भन्दा जान्ने सुन्ने कोही होला त ?"

*-समकालीन साहित्य डटकम*

व्यङ्ग्य-कथा ● अपार न्यौपाने

# बिन्दास ट्वाँके दाइ



विशेष अदालतबाट भ्रष्टाचारी ठहर भएका ट्वाँके दाइले अनेक उपाय लगाएर लामो समयपछि सर्वोच्चबाट भ्रष्टाचार मुद्धामा सफाइ पाए । सफाइ सँगसँगै खरदारबाट सुब्बामा बढुवा भए । निलम्बनमा परेदेखिको सबै तलबभत्ता एकमुष्ट पाए । अनि उनको पदस्थापन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भयो । उमेर हदले अवकाश पाउनुअगाडि करिब डेढ वर्ष दाइले सुब्बाका रूपमा जागिर खाने भए । दाइको छोराले काठमाडौंमा राम्रै रेस्टुरेन्ट चलाउँदै थियो । हुन त त्यसमा पनि दाइले खाएको घुसकै लगानी थियो । छोरोले पटक-पटक बिहे गर्न प्रस्ताव गरे पनि दाइले आफ्नो भ्रष्टाचार मुद्धा सकिन लागेको र सफाइ पाएपछि धुमधामका साथ बिहे गर्ने भन्दै छोरा र उसकी प्रेमिकालाई मनाएका थिए । छोरी अष्ट्रेलिया गएर उतै जमेर बसेकी थिई, औपचारिक बिहे गरिनसके पनि राम्रै केटासँग "लिभिङ्ग टुगेदर" मा थिई । दाइले पर्याप्त धन सम्पत्ति कमाइसकेका थिए । सर्वोच्चबाट भ्रष्टाचारको धब्बा पनि मेटाइसकेका थिए । उनलाई अब भौतिक सम्पत्ति जोड्नुपर्ने आवश्यकता खासै थिएन । भौतिक सम्पत्तिभन्दा पनि उनलाई मानसिक शान्ति, राम्रो स्वास्थ्य र आत्मसम्मान, आत्मसन्तुष्टि बढी आवश्यक थियो । भ्रष्टाचारको मुद्धासँगै खराब बानी व्यहोरा र आचरण छोडेर धर्मकर्ममा लीन भएका टी पी दाइ सबैको अनुमान विपरित अख्तियारमा पदस्थापन भएसँगै पुरानै ट्वाँके र घुस्याहा दैनिकीमा फर्किए । दाइको मति बिग्रिएको र दैनिकी फेरिएको सुनेर दु:खी हुँदै प्रत्यक्ष भेटेर सम्झाउन भोलिपल्ट बिहानै दाइको घर गए । दाइ चिया पिउँदै पत्रिका पढ्दै रहेछन् । मेरो उपस्थितिले दाइ भाउजू दुवै औधी खुशी भए । भाउजूले चिया ल्याइन् र खाना खाएर मात्र हिँड्ने उर्दी जारी गरिन् । भाउजूकै अगाडि दाइलाई सम्झाउँदै भनें - "तपाईंलाई सबै पुग्दो छ, बल्ल भ्रष्टाचारको मुद्धाबाट कानुनी रूपमा छुटकारा पाउनुभएको छ, सामाजिक रूपमा त कसले पत्याउँछ र ? अब एक-डेढ वर्षको बाँकी जागिरमा लोभ नगर्नुस्, असल कर्मचारी बनेर उदाहरणीय हुनुहोस् । मेरो कुरा सुनेर लामो सास फेर्दै दाइले भने - "तिमीले भनेको कुरा ठीक हो । मलाई सबै पुग्दैछ । एकपटक कानूनी रूपमा भ्रष्टाचारी ठहरिसकेपछि पनि अनेक उपाय गरी सफाइ पाएको छु । मलाई फेरि भ्रष्टाचारी हुनु छैन । मेरा छोराछोरीलाई भ्रष्टाचारीका छोराछोरी भनेर लाज मान्ने अवस्था आउन दिनु छैन । तर, अख्तियार नै भ्रष्टाचारको छानविन गर्ने निकाय हो । यहाँ जतनासँग घुस खाने भए पो समात्छन् । यहाँ त भ्रष्टाचारीसँगै मुद्धा नचलाउन, भ्रष्टाचार लुकाउन, मुद्धा कमजोर बनाउन घुस खाने हो । त्यसैले यहाँको भ्रष्टाचार देखिँदैन, समातिँदैन, तिमी चिन्ता नमान । यो डेढ वर्षमा भाइबहिनीको भव्य बिहे गर्ने र निवृत्त भएपछिलाई केही बन्दोबस्त गर्नुपर्छ । यहीं सरुवा भएर आउन पनि राम्रै खर्च गरेको छु ।" दाइको कुरा सुनेर म अवाक् भएँ । दाइ मैले सोचेभन्दा ठूला खेलाडी निस्किए । के भन्ने, के गर्ने ? अलमलमा परें । नाताले मेरा दाइ नभए पनि, दु:खका बेला हामी एकअर्कासँग नजिक थियौं । मेरो स्वाभिमानले त्यहाँबाट 'निस्किहाल' भन्यो । भान्सामा खसीको मासुमा सिद्रो लागिरहेको थियो, मगमग वास्ना हामी बसेको ठाउँसम्मै आइरहेको थियो । म शौचालय जानुपर्ने बहाना गरेर, शौचालयमै श्रीमतीको जरुरी फोन आएको बहाना गरी दाइभाउजूसँग बिदा मागी त्यहाँबाट निस्किएँ । महिना दिनपछि दाइको फोन आयो । फोनमा भने - "छोराको बिहे गर्ने भइयो, तिमीसँग सल्लाह पनि गर्नु छ, छिटो आऊ ।" भोलिपल्ट बिहानै दाइकोमा गए । दाइ बिहेमा निम्तालुको सूची तयार पार्दै रैछन् । मलाई सूची देखाउँदै भने - "एकपटक हेर त कोही छुटे कि ?" मलाई काम दिएर दाइ एकछिनमा आउँछु भन्दै घरबाट निस्के । मन नलागे पनि सूची हेरें । तीन हजारभन्दा बढीको सूचीमा नेतादेखि मन्त्रीसम्म, व्यापारीदेखि सचिवसम्म, सेनादेखि प्रहरीसम्म सबै समेटिएका थिए । मेरो बोली सुनेर छोरो आफ्नो कोठाबाट आयो र भन्न थाल्यो -"काका, बुवाको कुरा सुनेर मैले अहिलेसम्म बिहे गरिनँ । बुवाले सफाइ पाउनुभयो, अब म बिहे गर्छु । बहिनी पनि एक वर्षभित्र बिहे गर्ने योजनामा छे । बुवा आमालाई, दुनियाँलाई देखाउन भव्य बिहे गर्दिन मन छ । बहिनीलाई अनि मलाई पनि संस्कृतिलाई निरन्तरता दिन, सरल र सभ्य बिहे गर्नुछ । भव्य बिहे गरे पनि सबैले भ्रष्टाचारको पैसा खर्च गर्यो भन्ने हुन् । हामीलाई भ्रष्टाचारीको छोराछोरी भनेर सबैले भन्छन । यो बिहेमा तामझाम गरेर हामीलाई फेरि भ्रष्टाचारी भन्ने अवसर दुनियाँलाई दिनु आवश्यक छैन । बुवा आमालाई सम्झाइदिनुहोस्, मलाई भन्ने आँट आउँदैन, फेरि मैले भनेको पनि सुन्नुहुन्न । वहाँहरूले नमाने तामझाम नै गर्ने हो भने, म सुटुक्क गएर गुहेश्वरीमा रीतिपूर्वक बिहे गरेर आउँछु ।" छोराको कुरा सुनेर म चकित परें । मैले उसलाई ट्यापे, गँजडीकै रूपमा हेरेको थिएँ । उसलाई नभेटेको पनि धेरै भइसकेको थियो । तर उसमा आमुल परिवर्तन आइसकेको रहेछ । उसमा आएको परिवर्तनले म खुशीले गदगद भएँ र भनें- "म सम्झाउने प्रयास गर्छु ।" एकछिनमा दाइ घर आए । छोराको कुरा दाइ भाउजू दुवैलाई सुनाएँ र छोरीको पनि त्यस्तै चाहना रहेको पनि सुनाएँ । दाइ भाउजूले पहिले त विश्वास नै गरेनन् । छोरासँग धेरै बोल्न डराउँथे र कुरा गर्न चाहेनन् । मेरो निरन्तर प्रयासपछि छोरीलाई फोन गरेर छोरीबाट दाजुबहिनी दुवैको सरल विवाह गर्ने चाहना रहेको पुष्टि गरे । छोरीसँग कुरा गरिसकेपछि छोरालाई बोलाएर सोधे । छोराले प्रष्ट रूपमा, आफू सामान्य विवाह गर्ने र तामझाम मन नपर्ने र आवश्यक पनि नरहेको जिकिर गर्यो । दाइ भाउजूलाई यो कुरा मन परिरहेको थिएन । बढी विवाद गर्नु उपर्युक्त नहुने ठानी मैले भनें- "बाबु तिमी अहिले जाऊ, म कुरा मिलाउँछु ।" छोरो गइसकेपछि दाइ भाउजूलाई राखेर सम्झाउन खोजें । शुरुमै दाइ कड्किए -"अचेलका यी केटाकेटी, आफूलाई के सम्झन्छन्, बाउ-आमाको इच्छा, मेहनत, बाउआमाप्रतिको दायित्व केही विचार गर्नुपर्दैन । समाजले के भन्छ ? त्यत्रो कमाएर, सम्पत्ति भएर पनि छोराछोरीको बिहेमा हामीलाई बोलाएनन् भन्दैनन् ? सम्पत्ति भएर पनि के गर्नु छोराछोरीको बिहे पनि राम्ररी गरेन भन्दैनन् ?" दाइ यस्तै केही बर्बराइरहेका थिए । भाउजू दाइका कुरामा सही थाप्दै थिइन् र मलाई भन्दै थिइन् -"बाबु, केही गरी केटाकेटीलाई सम्झाइदिनुपर्यो ।" दुईजना बर्बराइरहे, मैले रोकिनँ । के के भन्छन् टाउको हल्लाएर सुनिरहें र उनीहरूको मनको पुरै भडास सकिएपछि के भन्ने भनेर सोच्न थालें । एकछिनमा उनीहरूको बर्बराहट सकियो र मलाई भने -"बाबु, के गर्ने, तिमीले उपाय निकालिदिनुपर्यो । यिनीहरूकै बिहेलाई चाहिन्छ भनेर अनेक गरेर पैसा जम्मा गरेर राखिएको छ, गरगहना किनिएको छ, अरु व्यवस्था गरिएको छ, उनीहरूलाई वास्तै छैन, बाउ-आमाले गरेको मेहनतको मतलब नै छैन ।" दाइ भाउजू बोलेर थाकेको देखेपछि डराउँदै भनें- "हजुरहरूले पनि बाउ-आमाको इच्छाविपरित र आफ्नै इच्छाअनुसार बिहे गर्नुभएको होइन ?" मेरो कुरा सुनेर दुवैले रिसाउँदै कड्के आँखाले हेरे । भाउजू केही बोलिनन् । दाइ रिसाउँदै भने - "तिमी चुपलाग, केटाकेटीलाई सम्झाउँछ कि भनेको त हामीलाई पो सम्झाउन थाल्यो । हाम्रो अवस्था र अहिलेको अवस्था एकै हो र ?" म खासै बोलिनँ, सुनिरहें । दाइ बोलिसकेपछि भनें-"आफ्नो बिहे त मान्छेले आफ्नो इच्छाअनुसार गर्न पाउनुपर्यो नि । यो उनीहरूको आफ्नो बिहे हो । फेरि उनीहरूले बिहेका लागि केही मागेका पनि छैनन् । आशीर्वादबाहेक अरू आशा गरेका पनि छैनन् । मैले भनेको मान्नुहुन्छ भने उनीहरूलाई उनीहरूले भने जस्तो बिहे गर्न दिनुहोस् ।" दाइ भाउजूलाई मेरो कुरा पटक्कै मन परेको थिएन । दुवैले एकअर्कामा मुखामुख गरेर हेर्न थाले । एकछिन सन्नाटा छायो । बिस्तारै डराउँदै डराउँदै भाउजूले भन्न थालिन् - "अब उनीहरूको इच्छा नै त्यस्तै छ भने हामीले के गर्नु र ! आफूलाई त छोराछोरी दुवैको झमझम बाजा बजाएर धुमधामसँग बिहे गर्ने रहर छ नि ! हामीले रहर गरेर नहुने । हामीले जबरजस्ती गर्यो भने फेरि आवेगमा आएर केही गरि पो हाल्ने हुन् कि ?" भाउजूले यति के भनेकी थिइन्, दाइ कडकिए - "अब तिमी पनि छोराछोरीको पक्षमा लागेर मलाई एक्लै पारेकी ?" म अरु बोलेर छुच्चो हुन खोजिनँ । केही गरी मन फेरिहाल्छन् कि ? हुन त यो भाइले के सम्झाउला र खाली मलाई मात्र सम्झाउँछ, सिकाउँछ, यो गर, त्यो नगर भनेर ।" आम्दानी जसरी भए पनि ट्वाँके दाइसँग प्रचुर सम्पत्ति थियो । उनले बाउको सम्पत्ति लिएनन्, ससुरालीको लिएनन् । न त उनका छोराछोरीले नै उनको बाँकी सम्पत्तिको आशा गरेका छन् । जीवनका उकाली, ओराली राम्ररी नै देखेका ट्वाँके दाइ विन्दास सेवा निवृत्त जीवन बिताइरहेका छन् । बिहान मर्निङ्ग वाकमा भेटिन्छन्, दिउँसो सामाजिक सञ्जाल र चिया पसलमा गफ दिइरहेका हुन्छन् । बेलुका उनलाई मनपर्ने ह्विस्कीको आनन्द लिन्छन् ।

*-साहित्यपोस्ट डटकम*

# पाल्पामा 'स्ववियु कप-२०८२' सकियो



**पाल्पा,** चैत २५/जिल्लाको तानसेनस्थित टुँडिखेलमा सञ्चालित 'स्ववियु कप २०८२' सकिएको छ । त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको स्वतन्त्र विद्यार्थी युनियनको आयोजनामा भएको स्ववियु कप विभिन्न खेलकूद तथा साहित्यिक कार्यक्रमहरुको आयोजना गरी सकिएको हो ।

तीन दिनसम्म सञ्चालन भएको प्रतियोगिताको तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले उद्घाटन गरेका हुन् । प्रतियोगिताको उद्घाटन गर्दै नगर प्रमुख श्रेष्ठले जिल्लाको खेल क्षेत्रको विकासमा स्ववियु कपले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने "खेलले विद्यार्थीहरुको आन्तरिक प्रतिभाको प्रस्फुटन गर्नुको साथै खेलका माध्यमबाट एक-आपसमा सदभाव र भाइचाराको सम्बन्ध कायम गर्ने विश्वास गर्न सकिन्छ ।" कार्यक्रममा नगर उपप्रमुख प्रतीक्षा सिंजाली, क्याम्पस प्रमुख डा. टंक प्रसाद पन्थ, विद्यार्थी कल्याण प्रमुख, प्राध्यापक संघका सभापति, कर्मचारी संघका सभापति लगायतले प्रतियोगिता सफलताको शुभकामना व्यक्त गरे । प्रतियोगितामा विएड, विविएस, विएसी, विएसी सिएसआइटी/विए, विविए, विविएम, मार्स्टस गरी ६ वटा समूहबीच विभिन्न २१ विद्यामा प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा विएसी सिएसआइटी/ विएले सर्वाधिक ६ स्वर्ण, ३ रजत र ३ कास्य पदकसहित १२ पदक जित्दै स्ववियु कप हात पार्न सफल भएको छ । त्यस्तै, विएडले ५ स्वर्ण, ६ रजत र ७ कास्य गरी १८ पदक प्राप्त गर्दै सर्वाधिक पदक जित्दै **"Faculty of the Year"** को उपाधि हासिल गरेको छ । यस्तै विविएसले ३ स्वर्ण, ८ रजत र ६ कास्य, विएससीले ४ स्वर्ण, १ रजत र ५ कास्य, विविए/विविएमले २ स्वर्ण, १ रजत र १ कास्य, मास्टर्सले १ स्वर्ण, २ रजत पदक हासिल गरेका छन् । प्रतियोगितामा विजेता टिमलाई एक औपचारिक कार्यक्रमकाबिच पुरस्कार वितरण गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि तथा क्याम्पस प्रमुख डा. टंक प्रसाद पन्थ, विशिष्ट अतिथि निर्वतमान क्याम्पस प्रमुख टंक प्रसाद भट्टराई, वडा नं. ६ का वडा अध्यक्ष सागरमान महर्जन लगायतले संयुक्त रुपमा विजेतालाई पुरस्कार हस्तान्तरण गरेका थिए । सोही अवसरमा स्नातक तहका वार्षिक तथा सेमेष्टर प्रणाली अन्तर्गतका तथा स्नातकोत्तर तहका सिनियर विद्यार्थीहरूलाई बिदाई तथा "फेरि भेटौँला" कार्यक्रम समेत गरिएको थियो । कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्णलाई स्ववियु अध्यक्ष मिलन घर्तीले हार्दिक आभार एवं धन्यवाद व्यक्त गरे । कार्यक्रम स्ववियु अध्यक्ष घर्तीको अध्यक्षता, स्ववियु उपाध्यक्ष सन्तोष गहतराजको स्वागत, विचन्द्र रायमाझी र मिस्मा रानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## होटल पौवाले 'स्वाद...

...स्वाद उत्सवमा सहभागी गराउन ४० हजार ग्राहकलाई निमन्त्रणा कार्ड वितरण गरेको होटल पौवाले जनाएको छ । होटल पौवा तानसेन पाल्पाले होटल परिसरमै पत्रकार सम्मेलन गरेर आफ्नो दशौ वार्षिकोत्सवलाई भव्य बनाउन विशेष कार्यक्रम तय गरेको शाखा प्रवन्धक यदु भट्टराईले जानकारी दिए । तीन दिन सम्म ग्राहकहरुले 'स्वाद उत्सवमा नेपाली रैथाने स्वाद र विशेष परिकारहरूको अनुभव लिन पाउने छन् । पौवाका देशभरका २० वटै शाखाहरूमा एकैसाथ यो उत्सव सञ्चालन हुने शाखा प्रवन्धक भट्टराईले बताए । होटल पौवाले तयार गरेको विशेष ६ प्रकारको परिकारहरु मध्ये ग्राहकको रोजाईमा भएका परिकारहरुलाई आगामी दिनमा होटलको मेनुमा राखिने तानसेन शाखाका फुड एण्ड वेवरेज म्यानेजर अर्जुन ढकालले बताए । पाल्पामा बढी भन्दा बढी ग्राहकहरुलाई रैथाने स्वाद चखाउन जिल्लाभरी ६ हजार भन्दा बढी ग्राहकहरुलाई निमन्त्रणा कार्ड पठाएको पौवा पाल्पाकी लेखा प्रमुख सञ्जु कार्कीले बताईन् । धैरै भन्दा धैरै पाहुनाहरुलाई फरक स्वादमा रैथाने स्वाद चखाउने गरी होटल पौवा तयारीमा जुटेको पत्रकार सम्मेलनमा प्रमुख सेफ नारायण पोखरेलले बताए । होटल पौवा पाल्पाले स्वाद मात्र चखाउने मात्र होईन, सामाजिक उत्तरदायित्व अन्तरगत कर्मचारी, लगानीकर्ताले संयुक्त चैत्र २५ गते रक्तदान कार्यक्रम गर्ने शाखाकी हाउस किपिङ्ग म्यानेजर रमा नेपालले बताईन् । रूपन्देहीको सालझण्डीबाट एउटा सानो घरको सातवटा कोठाबाट सुरु भएको पौवाको यात्रा देशका विभिन्न स्थानमा २० वटा शाखाहरूसम्म विस्तार भइसकेको छ । जहाँबाट नेपाली आतिथ्यको सुरुवात हुन्छ भन्ने मूल नारा बोकेको पौवा ग्रुपले नेपाली भाषा, कला, संस्कृति र विशेषगरी स्थानीय खानाको संरक्षण र प्रवर्द्धनलाई आफ्नो मुख्य उद्देश्य बनाउँदै आएको छ । छोटो अवधिमै नेपाली आतिथ्य क्षेत्रमा पौवाले छुट्टै र प्रतिष्ठित पहिचान स्थापित गर्न सफल भएको छ । होटल पौवाको २० वटा शाखा मार्फत करीव १ हजार भन्दा बढीले स्वदेशमै रोजगारी पाएका छन् । वार्षिकोत्सवकै अवसर पारेर चैत २८ गते पौवाको भैरहवा शाखामा 'बतायौँ बालपन' अवधारणामा आधारित रहेर २ सय ५० भन्दा बढी लगानीकर्ताको सहभागितामा लगानी सम्मेलन आयोजना गर्दैछ । सम्मेलनमा कम्पनीको भावी रणनीति र होटल विस्तार योजनाबारे घनीभूत छलफल हुने छ । कम्पनीले आगामी लक्ष्यको रूपमा 'मिसन १००' अघि सारेको छ । होटल पौवाले शाखाको संख्या बढाउनु मात्र नभई व्यवस्थापन क्षमता, ब्रान्डको विश्वसनीयता र संस्थागत परिपक्वताको जगमा गुणस्तर, प्रणाली र प्रविधिलाई अन्तर्राष्ट्रिय मापदण्डमा पुर्‍याउन लागि परेको जनाएको छ । नेपाली हस्पिटालिटी ब्रान्डलाई विश्वस्तरमा चिनाउने लक्ष्यसहित होटल पौवाले काम गर्दै आएको जनाएको छ ।

### खेलकुद समाचार

## मुम्बईलाई हराउँदै राजस्थान शीर्ष स्थानमा



**काठमाडौं,** चैत २५/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा राजस्थान रोयल्सले मुम्बई इन्डियन्सलाई २७ रनले पराजित गरेको छ । गुवाहाटीमा गएराति वर्षाका कारण खेल ढिलो शुरू भएपछि ११ ओभरमा सीमित गरिएको थियो । टस जितेर मुम्बईले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको राजस्थानले ११ ओभरमा ३ विकेट गुमाएर १५० रन बनायो । राजस्थानका ओपनर यशस्वी जैसवालले उत्कृष्ट प्रदर्शन गर्दै ३२ बलमा १० चौका र ४ छक्कासहित ७७ रन बनाए । मुम्बईका बलर अल्लाह गजनफरले २ विकेट लिए । १५१ रनको लक्ष्य पछ्याएको मुम्बईको शुरुवात राम्रो हुन सकेन । पावर प्लेभित्रै ३ विकेट गुमाएको मुम्बई ११ ओभरमा ९ विकेट गुमाएर १२३ रनमा सीमित भयो । मुम्बईका लागि शेर्फेन रदरफोर्ड र नमन धिरले समान २५ रन बनाए । राजस्थानका बलर सन्दीप शर्मा, नान्द्रे बर्गर र रवि बिश्नोईले समान २ विकेट लिए । राजस्थानले लगातार तेस्रो जित निकाल्दै तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । मुम्बईले भने तेस्रो खेलमा लगातार दोस्रो हार बेहोरेको छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

श्री पाल्पा जिल्ला अदालतबाट जारी भएको पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं १० घर भई हाल माईतीघर रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं ८ बाँसगढी सानो उकाली बस्ने लाल बहादुर सार्कीको छोरी बल बहादुर नेपालीको छोरा बुहारी टिका बहादुर नेपालीको पत्नी पवि नेपाली (मोवाईल नं ९७०२१३९३०२) का नाउँको ईतलायनामा म्याद:-

वादी टिका बहादुर नेपाली र प्रतिवादी तपाई पवि नेपाली भएको सम्बन्धविच्छेद मुद्दामा तपाईका नाउँमा जारी भएको सुरु म्याद बेपत्ते तामेल भई आएकोले यस अदालतबाट मिति २०८२/१२/२२ गते तपाईको नाउँमा पुन: राष्ट्रिय स्तरको दैनीक समाचारपत्रमा ईतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ११४ बमोजिम यो म्याद सुचना प्रकाशित गरिएको छ । यो म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ । ***ईति सम्वत् २०८२ साल चैत्र महिना २३ गते रोज २ मा शुभम्...।***

### अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले सुधार



**काठमाडौं,** चैत २५/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४५ दशमलव १२ अङ्कले बढेर दुई हजार ८०२ दशमलव ५२ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ६३ प्रतिशतको वृद्धि हो ।

बुधबार ३४६ कम्पनीको एक करोड ८८ लाख १६ हजार ८०८ कित्ता शेयर ९८ हजार १६२ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३१ करोड ८९ लाख आठ हजार ४४१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । बुधबारको कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ८७, होटल तथा पर्यटन दुई दशमलव ५६ र जलविद्युत् समूह दुई दशमलव ६१ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ एक दशमलव १६, विकास बैंक एक दशमलव ९८, वित्त एक दशमलव ४५, लगानी एक दशमलव ३५, जीवन बीमा एक दशमलव ३१, लघुवित्त एक दशमलव २८, जीवन बीमा एक दशमलव ०१, म्युचुअल फण्ड शून्य दशमलव ९९, व्यापार शून्य दशमलव ६१ र अन्य समूह एक दशमल १५ प्रतिशतले बढेको छ ।

### विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:

-बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,

-दिमागमा असर पर्नसक्छ,

-समयमा नसुत्न सक्छन्,

-खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,

-एकान्तमा बस्न मन पराउन सक्छन्,

-झिज्याहट हुन सक्छ,

-साथीहरुसँग घुलमिल नहुन सक्छन्,

-एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,

-बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई